आयोग लुम्बिनी प्रदेश कार्यालय प्रमुख सम्झना शर्माले सरकारले मानव

इमान्दारिताको अभाव देखिएको उनले बताए। सो अवसरमा कार्यपत्र

लुम्बिनी दैनिक (२०७७/०९/१५)

प्रदेश सरकार

लुम्बिनी प्रदेश

# उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय

मुकामः बुटवल, नेपाल

## वन पैदावारमा आधारित लघु तथा साना उद्योग स्थापना र संचालनका लागि अनुदान कार्यक्रमको प्रस्ताव पेश गर्ने सम्बन्धी सूचना।

**(प्रथम पटक प्रकाशित मिति २०७७/०९/१४)**

यस मन्त्रालयको आ.व. २०७७/७८ को संघीय सरकारबाट हस्तान्तरित स्वीकृत वार्षिक कार्यक्रम अनुसार वन पैदावारमा आधारित लघु तथा साना उद्योग स्थापना र संचालनका लागि अनुदान व्यवस्था भएको हुँदा इच्छुक यस प्रदेश भित्र रहेका वन समूह तथा वनजन्य उद्यम सम्बन्धी उद्देश्य भएको समूह तथा सहकारी संस्थाहरुले मिति २०७७/१०/१४ गते भित्र यस मन्त्रालय मातहतका डिभिजन वन कार्यालय (१४) वा यस उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, मुकामः बुटवलमा तोकिएको ढाँचामा अनुदानको लागि प्रस्ताव पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। म्यादभित्र प्राप्त हुन नआएको वा रीत नपुगेको आवेदन उपर कुनै कारवाही नहुने व्यहोरा समेत जानकारी गराईन्छ।

**द्रष्टब्यः**

१. प्रस्ताव मूल्याङ्कनका आधारमा प्रति समूहरसंस्थालाई बढीमा रू. २० लाखसम्म अनुदान रकम उपलब्ध गराईनेछ। प्राप्त हुने अनुदान बराबरकै लागतको थप कार्य सम्बन्धित समूह/संस्थाले अनिवार्य व्यहोर्नु पर्ने हुँदा समूह/संस्थाले बेहोर्ने रकम र कार्यहरू समेत स्पष्ट रूपमा प्रस्तावमा खुलाउनु पर्नेछ।

२. प्रस्ताव तोकिए बमोजिमको ढाँचामा हुनुपर्नेछ र प्रस्ताव साथमा दर्ता प्रमाणपत्र, नियमन गर्ने निकायको सिफारिस र विस्तृत लागत अनुमान अनिवार्य रुपमा पेश गर्नुपर्नेछ।

३. यस भन्दा अगाडि त्यस उद्यमले हाल प्रस्ताव गर्न खोजेको समान प्रकृतिको कार्यमा अन्य कुनै सरकारी निकायबाट यस अघि अनुदान प्राप्त गरेको भएमा उक्त उद्यमको लागि अनुदान उपलब्ध गराउन सकिने छैन। अन्य निकायबाट हालसम्म यस प्रकृतिको कार्यमा कुनैपनि अनुदान नलिएको व्यहोरा प्रस्तावकले स्वःघोषणा गर्नुपर्नेछ।

४. विस्तृत सूचना र प्रस्तावको ढाँचा यस मन्त्रालयको वेवसाइट www.moitfe.p5.gov.np मा हेर्न सकिनेछ र सोहि ढाँचामा तोकिएको मापदण्ड भित्र रही शिलबन्दी प्रस्ताव पेश गर्नुपर्नेछ।

५. थप जानकारीको लागि नेपाल सरकार वन तथा वातावरण मन्त्रालयबाट प्रकाशित वनजन्य उद्यम प्रबर्द्धन तथा विकासका लागि अनुदान सम्बन्धी कार्यविधि-२०७५ (प्रथम संशोधन(२०७६), वन तथा भू-संरक्षण विभाग र यस मन्त्रालयको वेवसाइट www.moitfe.p5.gov.np बाट अध्ययन गर्न सकिनेछ।

नौवहिनी गाउँपालिका

चालु आ.व. २०७७/०७८ को वन पैदावारमा आधारित लघु तथा साना उद्योग स्थापना र संचालनका लागी अनुदान प्राप्तिका लागि यस मन्त्रालयबाट मिति २०७७।०९।१४ मा राष्ट्रिय लुम्बिनी दैनिक पत्रिकामा प्रकाशित सूचना बमोजिम प्रस्ताव पेश गर्ने प्रस्तावदाताले पेश गर्दा ध्यान पुऱ्याउनु पर्ने कुराहरुः

१. चालु आर्थिक वर्षको वन पैदावारमा आधारित लघु तथा साना उद्योग स्थापना र संचालनका लागी अनुदान कार्यक्रममा अनुदान प्रदान गरिने क्षेत्रहरु निम्न (क) देखि (ड) सम्मका विषय संग सम्वन्धित प्रस्तावहरु मात्र हुनुपर्नेछ ।

क) काठको सिजनिङ/ ट्रिटमेण्ट प्लाण्ट जडान, काठ, दाउरा र भुसको गुणस्तर अभिबृद्धि गर्ने वन पैदावारमा आधारित लघु तथा साना उद्योग स्थापना र संचालन,

ख) पार्टिकल बोर्ड, फाइवर बोर्ड, चिप बोर्ड, प्लाईउड, भेनियर आदि जस्ता उद्योग स्थापना सन्चालन,

ग) फर्निचर र काष्ठ प्रबिधिका सुधारका कार्यक्रम सन्चालन (Figer joint समेत)

घ)चाक्लाको रुपमा ५.०० हेक्टर भन्दा बढीमा तोकिएका एकै प्रजातीको वृक्षारोपण (खयर,वेत,बाँस,चिउरी,महुवा,तेजपात,अल्लो,ओखर, टिम्मुर,अगरउड)

ङ) बाँस तथा बेतजन्य उद्यम,

च)काष्ठजन्य हस्तकला उद्यम,

छ) पल्प,पेपर तथा लोक्ता,अल्लो प्रशोधन सम्बन्धी यद्योग,

ज) जडिबुटी तथा गैरकाष्ठ वन पैदावारमा आधारित उद्योग, प्राथमिक तथा द्वित्तिय चरणका प्रशोधन उद्योग स्थापना,

झ) जैविक उर्जा र उर्जा दक्षता सम्वन्धित कार्यक्रम,

ञ) पिलेट, बायोचार, ब्रिकेट आदि उत्पादन,

ट) वनजन्य कच्चा पदार्थमा आधारित उद्योग स्थापनका लागि उपकरण खरिद ।

ठ) दुना/टपरी,गुन्द्री,ढकिया लगाएत वस्तुहरु उत्पादन सम्वन्धी उद्यम

ड) काष्ठजन्य भाँडा र बाध्यबाधन उपकरण( जस्तैः-ठेकी,आरी,मादल,डमरु,सारङगी आदी)

२. पेश भएका प्रस्तावहरु निम्न अनुसारका मूल्याङ्कन आधारहरुको मूल्याङ्कन गरिनेछ ।

| आधारहरु | अङ्क |
|---|---|
| क) उद्यम स्थापनाबाट लाभान्वित हुने समूह तथा उपभोक्ता | १० |
| ख) मूल्य श्रृंखलामा निर्यातजन्य वा आयात प्रतिस्थापना गर्ने सम्भाव्यता | १० |
| ग) उद्यमका परिवेश अनुसार नेपाल सरकारलाई प्राप्त हुने राजश्वको संभावना | १० |
| घ) उद्यमको आकार अनुसार रोजगारीको अवस्था | १० |
| ङ) प्रबिधिमा सुधार वा आधुनिक प्रविधिको प्रयोग | १० |
| च) स्थानीय श्रोत र सामाग्रीको प्रयोग | १० |
| छ) लगानीको तुलनामा अपेक्षित प्रतिफलको अवस्था | १० |

अधिकृतस्तर (आठौं)

महाशाखा प्रमुख

| | |
|---|---|
| ज) वातावरणीय दृष्टिकोणले अनुकूल | १० |
| झ) स्थानीय परिवेश अनुसार नवीनतम् कार्य | १० |
| ञ) स्थानीय हावापानी, माटो र अन्य आवश्यक दृष्टिकोणले सम्भाव्य | १० |

३. मन्त्रालयबाट राष्ट्रिय लुम्बिनी दैनिक पत्रिकामा मिति २०७७।०९।१४ मा ३० दिनको म्याद दिई सूचना प्रकाशित भएको छ । सामुदायिक/सहकारी संस्थाले मन्त्रालयले तोकेको ढाँचामा प्रस्तावना तयार गरी सोही प्रस्तावनाको आधारमा कार्यक्रममा सहभागी हुन पाउनेछन् ।

४.छनौट भएका प्रस्तावहरुको फिल्ड भेरिफिकेशनको आधारमा मन्त्रालयले बास्तविक कूल लागतको अनुमान गरी बास्तविक लागतको ५० प्रतिशतमा नबढ्ने गरी (सि.न. घ को वृक्षारोपणमा ८० प्रतिशत नबढ्ने गरी) अधिकतम रु २०,००,००० (अक्षरेपी रु बीस लाख रुपैया) मध्ये जुन घटी हुन्छ सोही रकममात्र अनुदानको रुपमा उपलब्ध गराइनेछ ।

५. अनुदान रकम भुक्तानी मन्त्रालय र समूह/संस्थाबीच सम्झौता भए पश्चात २ किस्तामा हुनेछ । पहिलो किस्ता र दोश्रो किस्ता माग गर्दा संलग्न गर्नुपर्ने आवश्यक कागजातहरु कार्यविधी-२०७५ मा उल्लेख भए बमोजिम हुनु पर्नेछ ।

६. मन्त्रालयबाट प्रदत्त अनुदान रकमको समूह/संस्थाले आम्दानी जनाई दोहोरो लेखाप्रणालीको सिद्धान्त अनुसार लेखा राखी प्रचलित कानून अनुसार दर्तावाल लेखापरीक्षकबाट लेखापरीक्षण गराउनु पर्नेछ ।

७. प्रस्ताव पेश गर्दा निम्नानुसारको विवरणहरु तोकिएको ढाँचामा भरी पेश गर्नुपर्नेछ ।

<u>अनुदानको लागि पेश गर्नुपर्ने प्रस्तावको ढाँचा</u>

१) प्रस्तावक तथा उद्यमको नाम:

क) अनुदानको लागी पेश गर्ने सामुदायिक/सहकारी संस्थाको नाम र ठेगाना:

ख) प्रस्ताव पेश गर्ने संस्थाको पदाधिकारी:

नाम: ठेगाना: फोन/मोवाईल नं.

२. संस्था बारे संक्षिप्त जानकारी

क. संस्थाको उद्धेश्यहरु:

ख. जनशक्तिको अवस्था:

ग. अनुभव तथा उपलब्धिहरु:

३. वन पैदावारमा आधारित लघु तथा साना उद्योग स्थापना र संचालनका उद्धेश्यहरु:

४. प्रस्तावित योजनाको विस्तृत विवरण (Business Plan सहित)-

५. प्रस्तावित योजनाको कार्यान्वयनको तरिका/पद्धति:

६. कार्यक्रम सञ्चालनको समय तालिका:

७. लाभ लागत सम्बन्धी विवरण:(संक्षिप्त व्यवसायिक योजना)

अधिकृतस्तर (आठौं) महाशाखा प्रमुख

क) अनुमानित कूल लागत (जग्गा बाहेक)

ख) लगानीका स्रोत:

ग) बजेट अनुमान:

घ) लाभ र लागतको विश्लेषण:

ङ) सम्पन्न हुने समय:

८. उपकरण खरीदको लागि भए सो को हालको बजार मूल्य, निर्माता कम्पनीको नाम, र अन्य आवश्यक जानकारीहरु:

९. भर्नुपर्ने विवरणहरु:

| आधारहरु | सूचकहरु | प्राप्ताङ्क (मन्त्रालयले भर्ने) |
|---|---|---|
| क) वन पैदावारमा आधारित लघु तथा साना उद्योग स्थापना र संचालनबाट लाभान्वित हुने समूह तथा उपभोक्ता(संख्यामा समेत खुलाउने) | | |
| ख) मूल्य श्रृंखलामा निर्यातजन्य वा आयात प्रतिस्थापना गर्ने सम्भाव्यता( कस्तो छ भापामा खुलाउने) | | |
| ग) उद्यमका परिवेश अनुसार नेपाल सरकार / प्रदेश सरकारलाई प्राप्त हुने राजश्वको संभावना | | |
| घ) उद्यमको आकार अनुसार संभाव्य रोजगारी जना (पूर्ण र आंशिक) | | |
| ङ) प्रबिधिमा सुधार वा आधुनिक प्रविधिको प्रयोग(के गर्ने हो खुलाउने) | | |
| च) स्थानीय श्रोत र सामाग्रीको प्रयोग (शत प्रतिशत,५० प्रतिशत भन्दा बढी,५० प्रतिशत भन्दा कम कुन वर्ग हो खुलाउने) | | |
| छ) लगानीको तुलनामा अपेक्षित प्रतिफलको अवस्था ( लाभ लागत अनुपात र पारविन्दु (Payback period) उल्लेख गर्ने ) | | |
| ज) वातावरणीय दृष्टिकोणले अनुकूल( कुन कुन कारणले अनुकुलन हो खुलाउने) | | |
| झ) स्थानीय परिवेश अनुसार नवीनतम् कार्य( कस्तो नविनतम हो खुलाउने) | | |
| ञ) स्थानीय हावापानी, माटो र अन्य आवश्यक दृष्टिकोणले सम्भाव्य (प्रवल सम्भावनाका मुलभूत कुराहरु उल्लेख गर्ने) | | |

अधिकृतस्तर (आठौं)

महाशाखा प्रमुख

१०. उद्यम सन्चालनको लागि नेपाल सरकार /प्रदेश सरकारको प्रचलित ऐन नियमको पालना सम्बन्धी जानकारीहरुः

११. अन्य थप जानकारीहरु

आवेदक सामुदायिक/सहकारी संघ संस्था

नामः

आधारिक हस्ताक्षरः पदः

संस्थाको छापः

संलग्न कागजातहरुः

- आवेदनः
- नियमन गर्ने निकायको सिफारिस (सम्बन्धित डिभिजन वन कार्यालयको सिफारिस)
- यस फारम अनुसारका बजेट सहितको विस्तृत परियोजना प्रस्तावनाः
- संस्था दर्ता सम्वन्धी कागजातः
- PAN,VAT प्रमाण पत्र(सहकारीको लागि)
- संस्थाको म्याद रहेको बुझिने (नविकरण भएको) प्रमाणपत्रः
- कर चुक्ता प्रमाण-पत्र

अधिकृतस्तर (आठौं) महाशाखा प्रमुख